# ४

# गरिबी र वातावरण

## जगन्नाथ अधिकारी र शरद घिमिरे

गरिबी र वातावरणको सम्बन्धबारे विभिन्न सिद्धान्तहरू स्थापित भए पनि वातावरण संरक्षण गरेर गरिबी निवारणमा सहयोग पुग्छ भन्ने मान्यता हालै मात्र विकास भएको हो । पहिले गरिबीको कारणले गर्दा स्रोत संरक्षण हुँदैन भन्ने तर्क स्थापित गर्न केही भ्रमपूर्ण मान्यताहरू (myth) सृजना गरिएका थिए (यसबारे दोस्रो खण्डको दोस्रो लेखमा पनि चर्चा गरिएको छ) । तिनैमध्येको एउटा 'गरिबहरूको दीर्घकालीन योजना र सोच नहुने भएकोले उनीहरूले आफ्नो तत्कालको आवश्यकता पूरा गर्न वातावरण विनाश गरेर छाड्छन्' भन्ने थियो । अर्को भ्रम 'गरिबहरूले वातावरणमा गर्ने विनाश क्षणिक हुन्छ र यो विनाश आर्थिक उन्नति गर्ने क्रममा भएको हुन्छ' भन्ने थियो । अर्थात्, उनीहरूको आर्थिक स्थिति राम्रो भएमा वातावरण संरक्षण आफैं हुन्छ । यी दुई मान्यता वा भ्रमले गर्दा वातावरण संरक्षणलाई गरिबी निवारणबाट अलग रूपमा हेरिन्थ्यो ।

माथिका दुई मान्यताले गरिबी र वातावरणको सम्बन्ध सधैं विनाशको लागि सहायक हुन्छ अर्थात् 'क्रमिक रूपमा बिग्रँदै जाने दुश्चक्रको गाँठो' भनेका छन् । यी मान्यताअनुसार गरिबहरू आफ्नो प्राकृतिक वातावरण संरक्षणमा खर्च गर्न नसक्ने हुनाले वातावरणको विनाश गर्दै जान्छन् । जस्तैः माटोको अवैज्ञानिक उपभोगबाट उर्वराशक्ति घट्दै जानु, सङ्कटमा परेका पशुपंक्षीको पनि शिकार गरिनु, रूख/वनस्पति जथाभावी काटिनु, अत्यधिक पशुपालन गरेर चरन क्षेत्रहरू नाङ्गो बनाइनु आदि गरिबकै कारणबाट हुने विनाशका घटना हुन् । तर अहिले धेरै अध्ययनहरूले के देखाएका छन् भने गरिब जनता तथा उनीहरूका गतिविधि पनि वातावरण संरक्षणका उपायहरूका महत्वपूर्ण स्रोत हुनसक्छन् । उदाहरणका लागि गरिब जनताको माटो व्यवस्थापनको विधि स्थानीय वातावरण सुहाँउदो हुन्छ, उनीहरूको वन्य उत्पादन लिने परम्परागत तरिकामा वनलाई कुनै हानि गरिँदैन, उनीहरूका ज्ञान/प्रयासहरू नौला हुन्छन् जसलाई निरन्तर प्रयोग गर्ने र देखापर्ने गल्ती/कमजोरी सच्याउने (trial and error) प्रकृयाबाट सुधार्दै लगेका हुन्छन् । वातावरण व्यवस्थापनका स्थानीय प्रयासहरूमा

भएको विविधता नै स्रोतहरूको दिगो व्यवस्थापनसम्बन्धी जानकारीका स्रोत हुन् । तसर्थ गरिब र गरिबी भनेको वातावरण समस्या उत्पादन गर्ने कारक नभई समाधानका स्रोत हुन् भन्न सकिन्छ ।

संसारभरि, चाहे विकसित समाज होस् या अविकसित, गरिब वर्ग वातावरणको विनाशबाट पीडित बनाइएका हुन्छन् । प्रदूषणबाट सृजना हुने रोग र मृत्युको डरलाग्दो जोखिम गरिब वर्गको भागमा पर्छ र प्राकृतिक संसारमा आउने उथलपुथल वा जोखिमबाट पनि उनीहरू नै शिकार हुन्छन् । शहरको अति प्रदूषित क्षेत्रमा गरिबहरू नै बस्छन् । कल-कारखानाबाट निस्केको वा अन्य क्षेत्रको फोहरमैला उनीहरूकै बस्तीको निकट फालिन्छ । वन विनाश, खडेरी वा मरुभूमिकरणबाट उनीहरू बढ्ता पीडित बन्छन् । त्यतिमात्र नभई अहिलेको विश्वव्यापी वातावरणीय समस्या (पृथ्वी तात्ने प्रकृया, ओजोन तहको विनाश र हावापानीको परिवर्तन)बाट पनि गरिब वर्ग र समुदाय नै बढी प्रभावित हुन्छन् । यद्यपि, गरिबहरूको आफू बढ्ता प्रभावित हुने प्रदूषण वा हावापानी परिवर्तन जस्ता वातावरणीय विनाश प्रकृयामा खास योगदान रहेको हुँदैन; प्रदूषण तथा जलवायु परिवर्तननिम्ति धनी वर्ग/क्षेत्र/समाज/देश बढी जिम्मेदार हुन्छन् । कमजोर र भू-क्षयबाट प्रभावित हुनसक्ने क्षेत्रमा बसोबास/खेतीपाती गर्नुपर्ने बाध्यतामा रहेका गरिब वर्ग वातावरण विनाशको कारक बनेका छन् भन्ने तर्क सही होइन । वास्तवमा उनीहरूलाई या त गरिबीको फाइदा उठाएर धनी वर्गकै कारणले त्यसो गर्न लगाइएको हुन्छ या जीविकाको आधार जस्तै भू-क्षेत्र, जग्गाजमिनको असमान वितरणबाट पीडित बनाइएको हुन्छ । उनीहरू त वातावरण विनाशका असर धारण गर्ने निकाय मात्र बनेका छन् । यही कारणले गरिब आफ्नो जीविकाको आधार (प्राकृतिक स्रोत)को विनाश र गरिबीको नराम्रो चक्रमा फँसिरहन्छन् र गरिबी अझ विकराल हुँदै जान्छ । बढ्दो सम्पन्नताले पनि उपभोगवादी संस्कारको विकास गर्छ र प्राकृतिक स्रोतको ह्रास नै निम्त्याउँछ । तसर्थ विश्वमा बढ्दो सम्पन्नता र विपन्नता दुवैले पृथ्वीको वातावरणीय सन्तुलन बिगारेका हुन्छन् भनिए पनि विनाशको मुख्य कारण धनी वर्ग/समुदाय/देश नै हुन् ।

वास्तवमा समतामूलक समाज वातावरणीय हिसाबले दिगो हुन्छ र दिगो समाज समतामूलक हुन्छ । वातावरणीय न्यायको आदर्श स्थिति पनि यही हो । त्यसैले अहिले वातावरण बिग्रनु र संरक्षणको राम्रो प्रबन्ध नहुनुको कारण मुख्यतः वातावरणीय अन्यायलाई मानिन्छ । वातावरणीय अन्यायले गरिब तथा शक्तिविहीनहरूलाई वातावरणीय ह्रास तथा स्वास्थ्यसम्बन्धी जोखिममा पुऱ्याउँछ । यस्तो वातावरणीय अन्याय सृजना गर्नमा मुख्यतः तलका कारणहरू जिम्मेवार छन् ।

- सरकारी, निजी व्यापारिक समूहको गरिबहरूप्रति प्रत्यक्ष वा अप्रत्यक्ष पक्षपातपूर्ण व्यवहार ।
- कानूनी र न्यायिक प्रकृयामा गरिबहरूको पहुँचमा अनेक प्रकारका अवरोध ।

- गरिबहरू निर्णय-प्रकृयामा भाग लिन नसक्ने/नदिइने ।

वातावरणीय न्याय मानव जीवनको जोखिम कम गर्ने र वातावरण संरक्षण गर्ने एउटा राम्रो अवधारणारूपी साधन मानिन्छ । जोखिममा रहेका समुदायको हितमा ध्यान दिनु वातावरणीय न्यायको मुख्य सिद्धान्त हो । यसअन्तर्गतः

- सबै व्यक्तिको सफा, सुरक्षित र स्वस्थ वातावरणको अधिकार हुन्छ ।
- सबै व्यक्तिको आफ्नो स्रोतको प्रबन्ध गर्ने अधिकार हुन्छ ।
- समाजमा सबैभन्दा जोखिममा भएका व्यक्ति, खासगरी गरिबभन्दा गरिबलाई असमानुपातिक रूपमा वातावरणीय प्रदूषणको नकारात्मक असर थोपरिनु हुँदैन ।

वातावरणको संरक्षण र व्यवस्थापन गर्ने प्रकृयामा कुन व्यक्ति/समूह/क्षेत्रलाई मौका दिइन्छ र स्रोतहरूको फाइदा/पहुँच कसरी वितरण हुन्छ भन्ने पक्षलाई वातावरणीय न्यायको मुख्य मुद्दा मानिन्छ। वातावरण व्यवस्थापन प्रकृयाले कसरी निर्णय र कार्यक्रमहरू कार्यान्वयन हुन्छन्, स्रोतहरू कसरी विकास हुन्छन् र वितरण गरिन्छन् भन्ने कुरालाई निर्धारण गर्दछ । तर त्यस्तो व्यवस्थापनबाट पीडित हुनसक्ने समूह/व्यक्तिलाई निर्णय गर्ने प्रकृयामा सहभागी गराइँदैन । गरिब, पिछडिएका, शक्तिविहीन समाजको जोखिम हटाउन दूरगामी, न्यायपूर्ण र सशक्त रूपमा वातावरणीय स्रोत व्यवस्थापन गर्नु वातावरणीय न्यायको मुख्य उद्देश्य हुनुपर्दछ। व्यवहारमा त्यस्तो कसरी गर्न सकिन्छ भन्नेबारे अध्ययन तथा बहस हुन जरुरी छ। वातावरणीय न्यायमा मानिसको नागरिक र राजनीतिक सहन-क्षमता बढाएर उनीहरूको स्वच्छ वातावरण र व्यवस्थापनमा अधिकार र जिम्मेवारीलाई संरक्षण गर्ने तरिकाहरू समाहित छन् । यस्ता साधन/तरिकाहरूमा पर्दछन्–

- सूचनामाथि पहुँच[१]
- सहभागितामाथि पहुँच[२]
- न्यायमा पहुँच[३]

[१] यसले नागरिकलाई सूचित बनाई व्यक्तिगत छनोट गर्न सबल बनाउँछ, उद्योगधन्दा र सरकारी निकायलाई वातवारण स्वच्छता कायम गर्न लगाउँछ। उदाहरणको लागि खानको लागि वितरण गरिएको पानी सुरक्षित छ-छैन भन्ने कुराको जानकारी बासिन्दाले पाउनु आवश्यक छ किनभने यस्तो सार्वजनिक जानकारीले खानेपानी दूषित भएमा प्रदूषण नियन्त्रण गराउन एक किसिमको दबाब सृजना गर्छ।

[२] यो वातावरणलाई प्रभाव पार्ने सार्वजनिक नीति निर्माणमा नागरिकको सरोकार र ज्ञानलाई एकीकृत पार्ने उपाय हो। जनताको तर्फबाट आएका विचार/सरोकारलाई समेटेको निर्णय नै अरूभन्दा बढी प्रभावकारी र दिगो हुन्छ।

[३] प्रत्येक व्यक्ति या सार्वजनिक सरोकारका संस्था आफ्नो हितअनुकूल नभएको निर्णयलाई चुनौती दिनका लागि न्यायमा पहुँच आवश्यक हुन्छ।

तर विभिन्न व्यवधानहरू खडा गरेर यी अधिकारहरूबाट गरिब, कमजोर तथा शक्तिविहीनहरूलाई वञ्चित गरिन्छ जसले गर्दा वातावरणीय अन्याय सृजना हुन्छ र उनीहरूको जीविकाको जोखिम बढ्छ । तसर्थ गरिब परिवारहरूलाई माथिका अधिकारहरू प्रदान गरेर, उनीहरूलाई स्रोतको बढी अंश व्यवस्थापन गर्न लगाएर तथा यसको फाइदा प्रदान गरी अन्य उत्प्रेरणाहरू दिएमा वातावरण संरक्षण हुनुको साथै गरिबी निवारणमा पनि सहयोग पुग्दछ । ♦